# प्रधान सेनापति महारथी श्री पूर्णचन्द्र थापाबाट "नववर्ष -२०७८" को उपलक्ष्यमा नेपाली सेनाका सकलदर्जालाई दिनुहुने शुभकामना सन्देश

१. **"नववर्ष २०७८"** को उपलक्ष्यमा नेपाली सेनामा कार्यरत सकलदर्जा, निजामती कर्मचारी, सेवा निवृत्त सकलदर्जा तथा सम्पूर्ण परिवारजनमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दछु । साथै, राष्ट्र तथा नागरिकका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने नेपाली सेनाका वीर वीराङ्गनाहरुको आत्माको चीर शान्तिको कामना गर्दै कर्तव्यपालनाको सिलसिलामा घाइते वा बिरामी भई उपचारको क्रममा रहनु भएका सकलदर्जाको पूर्ण स्वास्थ्य लाभको कामना समेत गर्दछु ।

२. नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधिनताको रक्षा लगायत राष्ट्रिय एकता प्रवर्द्धन गर्ने संवैधानिक दायित्व पुरा गर्न नेपाली सेना सदैव कटिबद्ध छ । राष्ट्रिय हितको संरक्षण र प्रवर्द्धनमा सदैव अटल र अविचलित रही राष्ट्र र नागरिकप्रतिको कर्तव्य निर्वाह गर्न नेपाली सेनाका सकल दर्जाले पुऱ्याएको योगदानको उच्च प्रशंसा गर्दै नववर्षको आगमनसँगै आ-आफ्नो कार्यक्षेत्रमा अझ बढी हौसलाका साथ लाग्नु हुनेछ भन्ने विश्वास लिएको छु ।

३. नेपाली सेनाको राष्ट्र र जनताप्रतिको समर्पणभाव, व्यावसायिक चरित्र तथा राष्ट्रिय हितको संरक्षणमा यसले प्रदर्शन गर्दै आएको अविछिन्न कटिबद्धता नै यसको समृद्धि र स्थायित्वका आधार स्तम्भहरु हुन् । भविष्यमा समेत नेपाली सेनाले आफ्नो संवैधानिक उत्तरदायित्वलाई निष्ठापूर्वक निर्वाह गर्दै हालसम्म हासिल गरेको ओजपूर्ण छविलाई थप उचाईमा पुऱ्याउँदै जानेछ भन्नेमा म पूर्ण विश्वस्त छु । यसै क्रममा नेपाली सेनालाई सबल, सक्षम र सुदृढ व्यावसायिक फौजका रुपमा विकसित गर्दै लैजाने लक्ष्य अनुरुप तय भएका विभिन्न योजना तथा कार्यक्रमहरुको सफल कार्यान्वयनमा नेपाली सेनाका सकलदर्जाले दिएको योगदान प्रशंसायोग्य छ । आगामी दिनहरुमा समेत संस्थागत तथा राष्ट्रिय हितका निम्ति तय गरिएका योजनाहरुलाई मूर्त रुप प्रदान गर्दै नेपाली सेनालाई

पद्धति र प्रणालीमा आधारित भविष्यमुखी संस्थाको रुपमा स्थापित गर्न तपाईंहरु अझ बढी उर्जाशील र समर्पित भई आ-आफ्नो कर्तव्यपथमा लागिरहनुहुनेछ भन्ने विश्वास लिएको छु ।

प्रधान सेनापति
Chief of the Army Staff

४. गत वर्ष कोभिड-१९ भाइरसको विश्वव्यापी संक्रमण र महामारीका कारण समग्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्र नै प्रभावित बन्न पुग्यो । संक्रमणले निम्त्याएको बिषम परिस्थितीमा अहोरात्र आ-आफ्नो कार्यक्षेत्रमा खट्टिई राष्ट्र र नागरिकप्रतिको दायित्व वहन गर्दै आउनु भएका सकलदर्जाप्रति गर्व गर्दै तपाईंहरुको त्याग, मेहनत, कर्तव्यपरायणता र उच्च व्यावसायिक कार्यसम्पादनको हृदयदेखि नै प्रशंसा गर्दछु । यस असामान्य परिस्थितीका बाबजुद पनि नेपाली सेनाले आफ्नो उच्च व्यवसायिक छविलाई कायम राख्दै आफ्ना संविधानप्रदत्त जिम्मेवारीहरु सशक्त ढङ्गले निर्वाह गर्दै आईरहेको छ । यही सक्षमताले नै नेपाली सेनालाई राष्ट्र र जनताको भरोसाको केन्द्रको रुपमा स्थापित गराउनुका साथै यसको व्यावसायिक चरित्र र क्षमतालाई पुनः एकपटक सबैका सामु उजागर गरेको छ ।

५. अन्त्यमा, पुनः एकपटक **"नववर्ष २०७८"** को उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु भएका आम नेपाली नागरिक, हाल शान्ति सैनिकको रुपमा विभिन्न यु.एन. मिसनहरुमा सहभागी लगायत नेपाली सेनामा कार्यरत सकलदर्जा, निजामती कर्मचारी, सेवा निवृत्त सैनिक व्यक्तिहरु तथा सम्पूर्ण परिवारजनहरुमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायू एवम् उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

महारथी

जङ्गी अड्डा ।
मितिः २०७७/१२/२६ गते ।

पूर्णचन्द्र थापा
महारथी
प्रधान सेनापति